# नेपाल, गण्डकी प्रदेश, तनहुँ, व्यास नगरपालिका

# स्थानीय राजपत्र

## खण्ड ४, संख्याः १९, भाद्र २२ गते, २०७७ साल


व्यास नगरपालिकाको नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको संशोधन निर्देशिका स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम आम नागरिकको जानकारीका लागि प्रकाशन गरिएको छ ।

# भाग २

## सहकारी मार्फत मासु उत्पादन र बिक्रीमा आधारित अनुदान कार्यक्रम निर्देशिका (प्रमथ संशोधन), २०७७

कार्यपालिकाबाट स्वीकृत मितिः २०७७।५।२२

व्यास नगरपालिकाको सहकारी मार्फत मासु उत्पादन र बिक्रीमा आधारित अनुदान कार्यक्रम निर्देशिकालाई संशोधन गर्न वाञ्छनीय भएकोले व्यास नगरपालिका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७५ को दफा ४ बमोजिम व्यास नगर कार्यपालिकाले स्वीकृत भएको मितिदेखि लागु हुने गरी निम्नानुसार संशोधन गरेको छः

१. दफा ५ (५) (क) संयोजक -नगरपालिका बोर्ड सदस्यहरु मध्ये नगर कार्यपालिकाले मनोनयन गरेको व्यक्ति को सट्टा संयोजक -आर्थिक विकास समिति संयोजक राखिएको छ ।

(ख) सदस्य -आर्थिक पूर्वाधार विकास शाखा प्रमुख को सट्टा सदस्य -कार्यपालिका कार्यकारीणी सदस्य मध्ये एक जना महिला सदस्य राखिएको छ ।

(ग) सदस्य -कृषि, पशु तथा सहकारी विकास सम्बन्धी ज्ञान भएको नगर सभा सदस्य मध्येबाट १ जना को सट्टा सदस्य -आर्थिक पूर्वाधार विकास शाखा प्रमुख राखिएको छ ।

(घ) सदस्य -प्रमुख प्रशासकीय अधिकृतले तोकेको योजना शाखाको प्राविधिक अधिकृत कर्मचारी को सट्टा सदस्य -प्रमुख प्रशासकीय अधिकृतले तोकेको शहरी पूर्वाधार तथा प्राविधिक शाखाको अधिकृत कर्मचारी भन्ने राखिएको छ ।

आज्ञाले
डिल्लीराम सिग्देल
प्रमुख प्रशासकीय अधिकृत